नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(रोजगार कार्यक्रम व्यवस्थापन शाखा)

पत्र संख्याः- २०८२/०८३

चलानी नं.:- ४६

सिंहदरबार, काठमाडौं

नेपाल ।

मितिः २०८२/०९/०४

श्री स्थानीय तह (सबै) ।

विषयः राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ सम्बन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा रोजगार सामाजिक सुरक्षा मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८२/०९/०३ को निर्णयानुसार यसै साथ संलग्न राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ स्वीकृत भएको व्यहोरा जानकारी सहित आवश्यक कार्यार्थ पठाईएको छ ।

(नवराज सुवेदी)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि तथा तथ्याङ्क शाखा

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(मन्त्रालयको वेवसाइटमा प्रकाशन गरी EMIS मार्फत् समेत सम्प्रेषण हुन ।)

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,

टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np

निर्देशिका स्विकृत मिति २०८२।०९।०३

# राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२

प्रस्तावनाः श्रम र रोजगारी मुलुकको अर्थतन्त्रको विकास र समृद्धिसँग प्रत्यक्ष जोडिएको वहुआयामिक र तीन तहकै सरकारको साझा कार्यक्षेत्र र जिम्मेवारी रहेको परिप्रेक्ष्यमा आन्तरिक रोजगार प्रवर्द्धन गर्न नेपाल सरकारले घोषणा गरेको आन्तरिक रोजगार प्रवर्द्धन दशक अभियानका कार्यक्रम र प्रतिवद्धतालाई कार्यान्वयन गर्ने साझा कार्यक्रमको रूपमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि कानूनी प्रवन्ध गर्न आवश्यक भएकोले,

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले मिति २०८२ पुस ३ गते यो निर्देशिका स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले यसै निर्देशिका बमोजिम सञ्चालन हुने राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्झनुपर्छ र सो शब्दले यस निर्देशिका बमोजिम सञ्चालन हुने न्यूनतम रोजगार कार्यक्रमलाई समेत जनाउनेछ।

(ग) "नियमावली" भन्नाले रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ सम्झनुपर्छ।

(घ) "निर्देशिका" भन्नाले "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(च) "राष्ट्रिय निर्देशक समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनुपर्छ।

(छ) "राष्ट्रिय कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति" भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनुपर्छ।

(ज) "सचिवालय" भन्नाले दफा ८ बमोजिमको राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सचिवालय सम्झनुपर्छ।

श्री नेपाल सरकार रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

(झ) "प्रदेश कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ९ वमोजिम गठित समिति सम्झनु पर्छ।

(ञ) "स्थानीय कार्यक्रम कार्यान्वयन समिति" भन्नाले दफा ११ वमोजिम गठित समिति सम्झनुपर्छ।

(ट) "रोजगार सेवा केन्द्र" भन्नाले स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र सम्झनु पर्छ।

(ठ) "रोजगार संयोजक" भन्नाले दफा २९ को उपदफा (५) बमोजिम कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ।

(ड) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनुपर्छ र सो शव्दले उपहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

(ढ) "विद्युतीय सूचना प्रणाली" भन्नाले मन्त्रालयले सञ्चालनमा ल्याएको श्रम संसार प्रणाली र यो सँग आवद्ध श्रम र रोजगारसँग सम्वन्धित विद्युतीय सूचना प्रणालीलाई समेत जनाउनेछ।

(ण) "वेरोजगार व्यक्ति" भन्नाले निर्देशिका वमोजिम स्थानीय तहमा अभिलेखिकृत व्यक्ति सम्झनुपर्छ।

(त) "वेरोजगार सहायता" भन्नाले यस निर्देशिका बमोजिम उपलब्ध हुने सेवा सुविधा सम्झनुपर्छ।

(थ) "रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख" भन्नाले दफा १५ वमोजिमको रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख सम्झनुपर्छ।

(द) "रोजगारदाता" भन्नाले स्थानीय तहमा रोजगारी उपलव्ध गराउने निकाय, संघ, संस्था, कम्पनी वा व्यक्ति सम्झनुपर्छ।

(ध) "पुनःएकीकरण कार्यक्रम" भन्नाले वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिलाई वैदेशिक रोजगारीवाट प्राप्त गरेको अनुभव, सीप, पूँजी र प्रविधिलाई श्रम बजारको माग अनुसार स्तरीकरण र प्रवर्द्धन गरी रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सञ्चालित कार्यक्रम सम्झनुपर्छ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद - २

## राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यक्षेत्र, कार्यक्रम र लक्षित वर्ग

३. कार्यक्षेत्र: कार्यक्रमको कार्यक्षेत्र संघ, सातै प्रदेश तथा ७५३ वटै स्थानीय तह हुनेछ ।

४. कार्यक्रम: यस कार्यक्रम अन्तर्गत मुख्यत: देहायका कार्यक्रम सञ्चालन गरिनेछ:-

(क) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत मुलुकको श्रम वजारमा आउने युवा श्रम शक्तिलाई श्रम वजारको माग अनुरुप सीप सिकाई, रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकास गर्ने कार्यक्रम,

(ख) वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिलाई मुलुकको श्रम वजारको माग अनुरुप प्रवर्द्धन गरी रोजगार, स्वरोजगार र उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम,

(ग) स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगारहरुलाई लक्षित गरी सञ्चालन हुने न्यूनतम रोजगारीको कार्यक्रम,

(घ) वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरी सञ्चालन हुने पुन:एकीकरण कार्यक्रम,

(ङ) आन्तरिक रोजगार प्रवर्द्धन हुने विविध कार्यक्रम।

५. लक्षित वर्ग: कार्यक्रमको लक्षित वर्ग देहाय वमोजिम हुनेछ:-

(क) वेरोजगार व्यक्ति,

(ख) रोजगारीको खोजीमा रहेको व्यक्ति,

(ग) वैदेशिक रोजगारीवाट फर्केका व्यक्ति,

(घ) राज्यले विशेष सहुलियत उपलब्ध गराउनुपर्ने व्यक्ति।

## परिच्छेद- ३

## संस्थागत व्यवस्था तथा कार्य जिम्मेवारी

६. <u>राष्ट्रिय निर्देशक समिति सम्बन्धी व्यवस्था</u> (१) श्रम तथा रोजगारीका सम्बन्धमा नेपालको संविधानले गरेको व्यवस्थालाई कार्यान्वयन गर्न साथै नेपाल सरकारले घोषणा गरेको आन्तरिक रोजगार प्रवर्द्धन दशक अभियानलाई कार्यान्वयन गर्दै मुलुकभर आन्तरिक रोजगारी प्रवर्द्धन गर्न तथा उद्यमशीलता विकास गर्न आवश्यक नीति, कानुन, रणनीति, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी संघ, प्रदेश र स्थानीय तहवाट समन्वयात्मक, प्रभावकारी र परिणाममुखी ढंगले कार्यान्वयनका लागि आवश्यक निर्णय गर्न तथा निर्देशन दिन सङ्घीय तहमा एक राष्ट्रिय कार्यक्रम निर्देशक समिति रहनेछ। समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - अध्यक्ष

(ख) सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(च) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -
(आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुख) - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार सङ्घीय मन्त्रालयका पदाधिकारी, विकास साझेदार मुलुकका नेपाल स्थित राजदुत, विकास साझेदार संस्था तथा निकायका नेपालस्थित प्रमुख, विज्ञ तथा सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको वैठक वर्षमा कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति र स्थानमा वस्नेछ।

(४) उपदफा (१) वमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि दफा ७ वमोजिमको समितिवाट पेश हुन आएको नीति, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड र मार्गदर्शनको मस्यौदा प्रस्ताव उपर छलफल र स्वीकृत गर्ने,

(ख) वार्षिक रुपमा श्रम बजारमा आउने युवा श्रम शक्तिलाई श्रम बजारको माग अनुरुपको सीप सिकाई, रोजगार, स्वरोजगार तथा उद्यमशिल बनाउन सीप विकास तालिम सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धमा दफा ७ वमोजिमको समितिवाट प्रस्ताव भई आएका कार्यक्रमहरु उपर छलफल र स्वीकृती गर्ने,

(ग) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिलाई आन्तरिक श्रम बजारको माग अनुरुप अभिवृद्धि गरी रोजगारी, स्वरोजगारी तथा उद्यमशीलता विकास गर्न दफा ७ बमोजिमको समितिबाट पेश हुन आएको प्रस्तावित कार्यक्रमहरु उपर छलफल गरी स्वीकृत गर्ने,

(घ) वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिलाई आन्तरिक श्रम बजारको माग अनुरुप सीप अभिवृद्धि तथा पूँजी व्यवस्थापन गर्न लगायतको कार्यक्रमसँग सम्वन्धित विकास साझेदार मुलुक र संस्थावाट प्रस्तावित रिटर्नी सहयोग कार्यक्रमहरु सञ्चालन गर्न दफा ७ वमोजिमको समितिबाट पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्ने,

(ङ) श्रम र रोजगारसँग सम्वन्धित विविध कार्यक्रमहरुलाई अन्तर तह, अन्तर निकाय समन्वयात्मक ढंगले सञ्चालन गर्न आवश्यक निर्णय तथा निर्देशनहरु गर्ने।

७. <u>राष्ट्रिय कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति</u> (१) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको नीति, रणनीति, योजना, कार्यक्रमहरु दफा ६ बमोजिमको समितिमा पेश गरी समितिको निर्णय अनुसार कार्यान्वयन गर्न र कार्यक्रमको वार्षिक वजेट उपर छलफल निर्णय गरी संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन र व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको राष्ट्रिय कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति रहनेछ:-

(क) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रमुख, आन्तरिक रोजगार व्यवस्थापन महाशाखा) - संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(घ) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रमुख, प्रशासन तथा योजना महाशाखा) - सदस्य

(ङ) कार्यकारी निर्देशक, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान - सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(छ) उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (रोजगार समन्वय तथा सीप विकास शाखा) - सदस्य

(ज) उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (सूचना प्रविधि तथा तथ्याङ्क शाखा) - सदस्य

(झ) उपसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (रोजगार कार्यक्रम व्यवस्थापन शाखा) - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा विज्ञ तथा अन्य सम्वन्धित निकायका प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता अनुसार थप बैठक बस्न बाधा पर्ने छैन।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:-

(क) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित नीति, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड र मार्गदर्शनहरुको मस्यौदा उपर छलफल र निर्णय गरी स्वीकृतीको लागि दफा ६ बमोजिमको समितिमा पेश गर्ने,

(ख) वार्षिक रुपमा श्रम बजारमा आउने युवा श्रम शक्तिलाई श्रम बजारमा माग अनुरुप सीप सिकाई, रोजगार, स्वरोजगार तथा उद्यमशील बनाउन आवश्यक सीप विकास

तालिम कार्यक्रमको प्रस्ताव उपर छलफल र निर्णय गरी स्वीकृतीको लागि दफा ६ बमोजिमको समितिमा पेश गर्ने,

(ग) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिको उपयोग गरी रोजगार, स्वरोजगार र उद्यमशिल विकास गर्ने कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गर्न साथै नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृतीको लागि दफा ६ को समितिमा पेश गर्ने,

(घ) खण्ड (ख) र (ग) मा उल्लिखित कार्यक्रमहरुको सम्वन्धमा दफा ६ बमोजिमको समितिबाट भएको निर्णयहरु संघ, प्रदेश र स्थानीय तहबाट प्रभावकारी र परिणाममुखी ढंगले कार्यान्वयन गर्न आवश्यक निर्णय र व्यवस्थापकीय कार्य गर्ने,

(ङ) खण्ड (क), (ख) र (ग) मा उल्लेखित कार्यक्रम सञ्चालन गर्न सचिवालयबाट पेश भएको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(च) स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई स्रोत, साधन, जनशक्ति र प्रविधिबाट सवलीकरण गरी स्थानीय तहमा श्रम तथा रोजगार सम्बन्धी सेवाहरुको सहज र प्रभावकारी प्रवाह गर्न आवश्यक व्यवस्थापकीय निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित तह र निकायमा पठाउने,

(छ) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यविधि कार्यान्वयन गर्न आइपर्ने बाधा अड्काउहरु फुकाउन तथा अन्तर तहमा देखिएको समस्या समाधान गर्न सचिवालयबाट पेश भएका प्रस्तावहरु उपर छलफल र निर्णय गरी दफा ६ बमोजिमको समितिमा स्वीकृतीका लागि पेश गर्ने,

(ज) आन्तरिक रोजगार दशक घोषणा अभियानका प्रतिवद्धता कार्यान्वयन गर्न साथै श्रम र रोजगारसँग सम्बन्धित अन्य रोजगार कार्यक्रमहरु सञ्चालन गर्न दफा ६ बमोजिमको समितिमा पेश गरी निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने,

(झ) मन्त्रालयले सञ्चालनमा ल्याएको श्रम संसार प्रणालीमा सबै विद्युतीय प्रणालीहरुको अन्तर आवद्धता कायम गरी संघ, प्रदेश र स्थानीय तहबाट सहज सञ्चालनमा ल्याउन सकिने गरी आवश्यक निर्णय र व्यवस्थापकीय कार्य गर्ने,

(ञ) आन्तरिक रोजगारी प्रवर्द्धनको कार्यक्रम सञ्चालन गर्न अन्तर तह तथा अन्तर निकाय समन्वय, साझेदारी र सहकार्य गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ट) श्रम तथा रोजगारसँग सम्वन्धी कार्य गर्ने सरकारी, गैर सरकारी संस्था, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक निर्णय गर्ने,

(ठ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको अनुभव, सीप, पूँजी र प्रविधिको उपयोग गर्न विकास साझेदार, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्न आवश्यक निर्णय गर्ने,

(ड) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र आन्तरिक रोजगार प्रवर्द्धन सम्वन्धी अन्य विविध विषयमा आवश्यक छलफल, निर्णय र कार्यान्वयनको व्यवस्था गर्ने।

८. <u>राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सचिवालयः</u> (१) कार्यक्रमको प्रशासनिक, आर्थिक र व्यवस्थापकीय कार्यसम्पादन गर्न मन्त्रालयमा एक सचिवालय रहनेछ।

(२) मन्त्रालयको आन्तरिक रोजगार व्यवस्थापन महाशाखा कार्यक्रमको सचिवालयको रुपमा रहने र महाशाखा प्रमुख सचिवालय प्रमुख एवं राष्ट्रिय कार्यक्रम निर्देशकको रुपमा रहनेछ।

(३) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्यसम्पादन गर्ने।

(ख) दफा ६ र ७ बमोजिमको समितिमा पेश हुने प्रस्तावहरु तयार गर्ने साथै उक्त समितिहरुको बैठक व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

(ग) दफा ६ र ७ बमोजिमको समितिबाट भएका निर्णयहरु कार्यान्वयनका लागि सम्वन्धित सङ्घीय मन्त्रालय, निकाय, प्रदेश तह तथा स्थानीय तहमा पठाउने।

(घ) दफा ६ र ७ बमोजिमको समितिमा कार्यक्रमसँग सम्बन्धित नीति, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड र मार्गदर्शनहरुको मस्यौदा निर्णयार्थ पेश गर्ने।

(ङ) प्रदेश तथा स्थानीय तहमा सञ्चालित क्रियाकलापहरुको नियमित तथा आवधिक अनुगमन, सुपरिवेक्षण गरी वार्षिक प्रतिवेदन तयार गरी प्रकाशित गर्ने।

(च) कार्यक्रमको वार्षिक बजेट तथा कार्यक्रम तयार गरी दफा ६ बमोजिमको समितिमा स्वीकृतीको लागि पेश गर्ने र स्वीकृत बजेट तथा कार्यक्रम सचिवालयबाट कार्यान्वयन गर्ने र प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका लागि पठाउने।

(छ) आन्तरिक रोजगार कार्यक्रमको आर्थिक तथा व्यवस्थापकीय अख्तियारी प्राप्त गरी सोही बमोजिम विशेष कार्यक्रमको रुपमा सञ्चालन गर्ने।

(ज) सचिवालयको कर्मचारी व्यवस्थापन सम्वन्धी कार्य गर्ने।

(झ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सहायताका लागि सञ्चालित विकास साझेदार मुलुक तथा संस्थाको सहयोगमा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन र व्यवस्थापन गर्ने।

(ञ) श्रम र रोजगारसँग सम्बन्धित विभिन्न तथ्याङ्क र क्रियाकलापहरुको अध्ययन, अनुसन्धान र विश्लेषण गरी श्रम वजारमा आधारित विभिन्न रोजगारमूलक र उद्यमशीलता उन्मुख कार्यक्रम सञ्चालन गर्न दफा ६ र ७ वमोजिमको समिति पेश गर्ने।

(ट) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीवाट फर्किएका व्यक्तिहरुको सहायताका लागि सञ्चालित कार्यक्रमबाट (विकास साझेदारसँग अनुवन्ध तथा सम्झौतित कार्यक्रम) कार्यक्रमवाट मन्त्रालयलाई प्राप्त वजेटको खर्च व्यवस्थापन तथा सो सँग सम्वन्धित आर्थिक प्रशासनिक कार्यहरु गर्ने।

(ठ) आन्तरिक रोजगार प्रवर्द्धन गर्न मन्त्रालयलाई प्राप्त कार्य विवरण अनुसारका अन्य कार्यहरु सम्पादन गर्ने।

९. <u>प्रदेश कार्यक्रम निर्देशक समितिः</u> (१) प्रदेश तहमा कार्यक्रमको सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्न र स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्न देहाय वमोजिमको प्रदेश कार्यक्रम निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) मन्त्री, श्रम तथा रोजगार सम्वद्ध मन्त्रालय | - | अध्यक्ष |
| (ख) सचिव, श्रम तथा रोजगार सम्वद्ध मन्त्रालय | - | सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | - | सदस्य |
| (घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सदस्य |
| (ङ) प्रतिनिधि, उद्योग वाणिज्यय संघ (प्रदेशस्तरीय) | - | सदस्य |
| (च) सम्वन्धित प्रदेश मुकाममा रहेको श्रम तथा रोजगार कार्यालय प्रमुख | - | सदस्य |
| (छ) महाशाखा प्रमुख, श्रम तथा रोजगार समवद्ध मन्त्रालय | - | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको क्षेत्राधिकार भित्रका स्थानीय पालिकाहरुलाई आन्तरिक रोजगार प्रवर्द्धन तथा उद्यमशीलता विकासको लागि नीतिगत मार्गदर्शन प्रदान गर्ने।

(ख) आन्तरिक रोजगारी प्रवर्द्धन र विस्तारका लागि संघीय सरकार र स्थानीय तहसँग समन्वय गरी प्रदेशका स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।

(ग) प्रदेशस्तरमा रोजगारी सृजना गर्ने अन्य विकास आयोजना, कार्यक्रम तथा क्रियाकलापबीच समन्वय र सहकार्य गर्ने।

(घ) प्रदेशको विषयगत मन्त्रालयको श्रोत र साधनबाट स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा रोजगार सेवा केन्द्र मार्फत सेवा प्रवाह हुने व्यवस्था मिलाउने।

(ङ) प्रदेश भित्र रोजगार, स्वरोजगार, बेरोजगार, रोजगारदाता, तालिम प्रदायक संस्था, बैङ्क तथा वित्तीय संस्थाको अभिलेख अद्यावधिक गर्ने ।

१०. <u>प्रदेश मन्त्रालयः</u> आन्तरिक रोजगार प्रवर्द्धन तथा विस्तारका लागि प्रत्येक प्रदेशका श्रम तथा रोजगारसँग सम्बद्ध प्रदेश मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन र व्यवस्थापनका लागि समन्वय र सहकार्य गर्ने,

(ख) प्रदेश सरकारले आफ्नो नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा आन्तरिक रोजगारी प्रवर्द्धनलाई प्राथमिकता दिने,

(ग) प्रदेश सरकारको बजेटबाट सञ्चालन हुने आन्तरिक रोजगार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन गर्ने,

(घ) प्रदेश मन्त्रालयको श्रोत र साधनबाट स्थानीय तहमा सञ्चालन हुने श्रम तथा रोजगारमूलक सेवा प्रवाह रोजगार सेवा केन्द्र मार्फत हुने व्यवस्था मिलाउने,

(ङ) सूचना सङ्कलन तथा व्यवस्थापनका लागि मन्त्रालयबाट सञ्चालित श्रम संसार प्रणालीलाई कार्यान्वयन गर्ने,

(च) आवधिक प्रगति प्रतिवेदन विद्युतीय प्रणाली प्रयोग गरी तोकिएको ढाँचामा सम्बन्धित मन्त्रालयमा पेश गर्ने।

११. <u>स्थानीय कार्यक्रम कार्यान्वयन समितिः</u> (१) प्रत्येक स्थानीय तहमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको सञ्चालन गर्न र श्रम तथा रोजगारसँग सम्वन्धित सेवा प्रभावकारी रुपले व्यवस्थापन र सञ्चालन गर्न देहाय वमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

(क) प्रमुख/अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति - सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ङ) प्रमुख, समाजिक विकास शाखा - सदस्य

(च) प्रतिनिधि, स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्था (सम्वन्धित स्थानीय तहले तोकेको) - सदस्य

(छ) प्रतिनिधि, उद्योग वाणिज्य संघ (स्थानीय) - सदस्य

(ज) रोजगार संयोजक - सदस्य-सचिव

(२) समितिको बैठकमा स्थानीय तहका सम्बन्धित सरकारी निकाय, विज्ञ तथा सरोकारवालाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) वमोजिमको समितिको काम, कर्तव्त र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय श्रम बजारको अध्ययन गरी रोजगारी सिर्जना, उद्यमशीलता र सीप विकास तथा स्वरोजगार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने,

(ख) आन्तरिक रोजगार प्रवर्द्धन गर्न वार्षिक रुपमा योजना तथा कार्यक्रम तयार गरी स्थानीय तहको वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने,

(ग) विभिन्न निकाय र निजी क्षेत्रबाट सञ्चालित श्रम तथा रोजगारसँग सम्वन्धित कार्यक्रमहरुलाई संयोजन गरी एकीकृत रुपमा कार्यान्वयन गर्ने,

(घ) सीप तथा क्षमता विकास गरी रोजगारी प्रवर्द्धन गर्न कार्यस्थलमा आधारित (एप्रेन्टिशिप मोडल) तालिम सञ्चालन गर्ने,

(ङ) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सेवा प्रवाह सम्वन्धी क्रियाकलाप गर्ने,

(च) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरी उद्यमशीलता विकास, वित्तीय पहुँचका लागि बैङ्क तथा वित्तीय संस्थाहरुसँग सहजीकरण गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने,

(छ) कार्यक्रम कार्यान्वयनको सिलसिलामा मन्त्रालयवाट दिईएको मार्गदर्शन तथा शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने,

(ज) नागरिकलाई एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह गर्न विभिन्न संघ, संस्था र निकायसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्ने।

१२. <u>रोजगार सेवा केन्द्र</u>ः (१) स्थानीय तहमा श्रम तथा रोजगार सम्बन्धी सेवा प्रवाह गर्न एक रोजगार सेवा केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार स्थानीय तहको स्वीकृत कार्यक्रमका अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) न्यूनतम रोजगार कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्य,

(ख) बालश्रम तथा बाध्यकारी श्रम निवारण सम्बन्धी कार्य,

(ग) सामाजिक सुरक्षा कोषसँग सम्बन्धित कार्य,

(घ) आन्तरिक रोजगार प्रवर्द्धन र वैदेशिक रोजगारीसँग सम्बन्धित कार्य,

(ङ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव तथा प्रविधिको उपयोग र उद्यमशीलता विकाससँग सम्बन्धित कार्य,

(च) सीप तथा क्षमता विकास, व्यवसाय तथा उद्यमशीलता विकासका लागि बैङ्क तथा वित्तीय संस्थासँग समन्वय र सहजीकरण सम्बन्धी कार्य,

(छ) मन्त्रालयबाट सञ्चालनमा ल्याइएको श्रम संसार प्रणालीसँग आबद्ध गरी स्थानीय तहले प्रयोगमा ल्याएको श्रम र रोजगारसँग सम्बन्धित सूचना प्रणाली सञ्चालनको कार्य,

(ज) श्रम र रोजगारसँग सम्बन्धित सूचना प्रणालीको प्रयोग गरी स्थानीय तहमा बेरोजगार, आंशिक रोजगार, रोजगार, स्वरोजगार तथा वैदेशिक रोजगारीमा गएका व्यक्तिरुको अभिलेख राख्ने,

(झ) तालिम प्रदायक संस्था, रोजगारदाता र स्थानीय तहका सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरुको अभिलेख राख्ने,

(ञ) खण्ड (ज) र (झ) बमोजिमको अभिलेख अद्यावधिक गरी उपयोग र व्यवस्थापन सम्बन्धी कार्य।

नेपाल सरकार
रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद – ४

## स्थानीय तहमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

१३. कार्यक्रम तथा आयोजना सञ्चालन: स्थानीय तहले रोजगारी, स्वरोजगारी तथा उद्यमशीलताको अवस्था, सम्भावना र श्रम बजारको विश्लेषण गरी माग र आपूर्तिसँग सम्बन्धित विशेष कार्यक्रम तथा आयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

१४. अभिलेख व्यवस्थापन: (१) रोजगार सेवा केन्द्रले श्रम बजारको सर्वेक्षण गरी श्रम र रोजगारसँग सम्वन्धित अभिलेख व्यवस्थापन गर्नु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका वेरोजगार व्यक्ति, आंशिक रोजगार, रोजगार र स्वरोजगार, तालिम प्रदायक संस्था, रोजगारदाता र बैङ्क तथा वित्तीय संस्थाको विवरण संकलन गरी अद्यावधिक गर्नुपर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित कार्यका अतिरिक्त सरकारी, निजी, सहकारी, गैरसरकारी निकाय वा संघ संस्था तथा अन्य निकायबाट सिर्जना हुन सक्ने रोजगारीको अनुमानित अभिलेख तयार गर्नु पर्नेछ।

१५. रोजगारीको खोजीमा रहेका व्यक्तिको अभिलेख: रोजगार सेवा केन्द्रले सूचीकृत गरेका विवरणहरु मध्ये रोजगारीको खोजीमा रहेका व्यक्तिहरुले श्रम वजारमा उपलब्ध रोजगारी, स्वरोजगारी तथा वैदेशिक रोजगारीका लागि आफूले काम गर्न चाहेको क्षेत्र, पेशा, व्यवसाय लगायतका विवरण दर्ता गरी अभिलेख राख्नु पर्नेछ।

१६. विधुतीय सूचना प्रणालीको प्रयोग: वेरोजगार, रोजगारीको खोजीमा रहेका व्यक्ति, रोजगारदाता तालिम प्रदायक संस्था, बैङ्क तथा वित्तीय संस्थाको विवरण श्रम संसार प्रणालीसँग आवद्ध गरी एकीकृत रुपमा अभिलेख, व्यवस्थापन र प्रयोग गर्नु पर्नेछ।

१७. न्यूनतम रोजगारीको लागि सूचीकरण: न्यूनतम रोजगारी प्राप्त गर्नका लागि सूचीकृत हुन सम्वन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

१८. न्यूनतम रोजगारीका लागि सूचीकृत व्यक्तिलाई प्राथमिकता दिनु पर्ने: न्यूनतम रोजगारीका लागि सूचीकृत भएका वेरोजगार व्यक्तिलाई प्राथमिकताक्रम निर्धारण गरी स्थानीय तहले रोजगारी र रोजगारमूलक सेवा उपलब्ध गराउनु पर्नेछ।

१९. स्थानीय तहका आयोजना मार्फत न्यूनतम रोजगारी व्यवस्थापन: न्यूनतम रोजगारीका लागि स्थानीय तहले भौतिक पूर्वाधार, सामाजिक विकास, सशक्तिकरण र सार्वजनिक पूर्वाधारहरुको मर्मत सुधारका लागि न्यूनतम रोजगारीका आयोजना सञ्चालन गर्न सक्नेछ।

२०. विशेष स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सकिने: स्थानीय तहले अपाङ्गता भएका वेरोजगार व्यक्ति, अति जोखिमपूर्ण अवस्थामा जीवनयापन गरेका व्यक्ति तथा लैङ्गिक अल्पसङ्ख्यकहरुलाई शैक्षिक योग्यता तथा निजहरुको अवस्थाको आधारमा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२१. भुक्तानी सम्बन्धी व्यवस्था: न्यूनतम रोजगारीका कार्यक्रम अन्तर्गत काम गर्ने श्रमिकको पारिश्रमिक तथा सेवा प्रदायकलाई भुक्तानी गर्दा सम्बन्धितको बैङ्क खाता मार्फत गर्नु पर्नेछ।

२२. परामर्श तथा रेफरल सेवा प्रदान गर्ने: रोजगार सेवा केन्द्रले आवश्यकता अनुसार श्रम तथा रोजगार सेवाको परामर्श र रेफरल सेवा उपलब्ध गराउनु पर्नेछ।

२३. रोजगार मेला सञ्चालन गर्न सकिने : रोजगार प्रवर्द्धनका लागि प्रदेश सरकारको सहयोग र सहकार्यमा स्थानीय तहमा आवश्यकता अनुसार रोजगारदाता, रोजगारीको खोजीमा रहेका व्यक्तिहरु, बैङ्क तथा वित्तीय संस्था र स्थानीय तहमा रहेका श्रम तथा रोजगार सेवा प्रदायक संस्थाहरु सम्मिलित गरी रोजगार मेला तथा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२४. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति लक्षित सेवा प्रदान गर्ने: स्थानीय तहले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले आर्जन गरेको सीप, अनुभव, पूँजी र प्रविधिलाई प्रवर्द्धन गरी रोजगारी सिर्जना तथा उद्यमशीलता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२५. सीप विकास तालिम सञ्चालन: (१) श्रम बजारको माग अनुरूपको सीपयुक्त र व्यावसायिक जनशक्ति आपूर्ति गर्न कम्तीमा तीन सय नब्बे कार्यघण्टाको व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन गर्न सकिनेछ।

(२) तालिम सञ्चालन गर्दा सैद्धान्तिक र व्यवहारिक दुबै विषय समावेश गर्नु पर्नेछ। सीप विकास सम्बन्धी तालिम सञ्चाचन गर्दा असी प्रतिशत व्यवहारिक एवम् प्रयोगात्मक सीप र बीस प्रतिशत सैद्धान्तिक ज्ञान दिने गरी विधि अवलम्बन गर्नुपर्नेछ। कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्दा सम्बन्धित उद्योग तथा प्रतिष्ठानमा कार्यरत श्रमिकलाई संलग्न गराएर सञ्चालन गर्न सकिनेछ।

(३) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सीप विकास सम्बन्धी विषयको पाठ्यक्रम स्वीकृत गर्ने, सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्नेछ।

(४) राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान मातहतका व्यावसायिक प्रशिक्षण केन्द्रले सीप परीक्षण गरी प्रमाणीकरणको लागि प्रतिष्ठानमा पठाउनु पर्नेछ।

२६. साझेदारी तथा सहकार्यमा रोजगारी सिर्जना र तालिम सञ्चालन: स्थानीय तहमा निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी तथा सहकार्यमा स्थानीय श्रम बजारको माग बमोजिम सीपमूलक तालिम तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ। कार्यक्रम सञ्चालन गर्दा दिगो रोजगारी सिर्जना र श्रम बजार माग अनुकूलको सीप विकाससंग सम्बन्धित कार्यक्रमलाई प्रथामिकता दिनुपर्नेछ।

२७. आवश्यक सहजीकरण गर्ने: स्थानीय तहले रोजगार प्रवर्द्धन र उद्यमशीलता विकासका लागि बैङ्क तथा वित्तीय संस्थाहरुसँग सहकार्य, समन्वय र सहजीकरण गर्न सक्नेछ।

२८. अनुगमन तथा सुपरिवेक्षण: स्थानीय तहमा सञ्चालन हुने श्रम तथा रोजगारसँग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्नेछ।

## परिच्छेद - ६

## मानव संसाधन व्यवस्थापन

२९. <u>कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्था:</u> (१) मन्त्रालयले महाशाखा, शाखा तथा विशेष कार्यक्रमका लागि आवश्यक जनशक्ति व्यवस्था गर्नु पर्नेछ ।

(२) कार्यक्रमको लागि थप जनशक्ति आवश्यक भएमा मन्त्रालयले परामर्श सेवा वा करार सेवाको माध्यमवाट विशेषज्ञ, प्राविधिक र सहयोगी जनशक्तिको व्यवस्थापन गर्न सक्नेछ।

(३) प्रदेश तहमा श्रम र रोजगार सम्वन्धी सेवा प्रवाह, संयोजन र व्यवस्थापन गर्न आवश्यक कर्मचारीको व्यवस्था सम्वन्धित प्रदेश सरकारको श्रम तथा रोजगार विषय हेर्ने मन्त्रालयले गर्नेछ।

(४) स्थानीय तहको रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको रुपमा एक जना कर्मचारी मन्त्रालयको विनियोजित वजेटबाट तलव भत्ता प्राप्त गर्ने गरी स्थानीय तहबाट नियुक्ति गरिनेछ।

(५) यस निर्देशिका लागू हुनु अघि नियुक्ति भई कार्यरत रहेका रोजगार संयोजकलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा उपयुक्त देखिएमा स्थानीय तहको रोजगार सेवा केन्द्रमा रही कामकाजको जिम्मेवारी दिई यस कार्यक्रमका लागि परिचालन गर्न सकिनेछ ।

(६) स्थानीय तहको रोजगार सेवा केन्द्रमा आवश्यक पर्ने थप जनशक्ति सम्वन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ७
## बजेट तथा वित्तीय व्यवस्थापन

३०. बजेट व्यवस्था: (१) नेपाल सरकारको वार्षिक रुपमा विनियोजन हुने बजेटबाट राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मन्त्रालयबाट सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम विनियोजित हुने बजेटबाट प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदान उपलब्ध गराईनेछ। यस्तो अनुदान प्रदेश सरकारबाट समेत स्थानीय तहलाई उपलब्धमा गराउन सक्नेछ।

(३) सचिवालयले आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजि, अनुभव र प्रविधि उपयोग गरी रोजगारी प्रवर्द्धन तथा उद्यमशीलता विकास गर्न विकास साझेदारबाट प्राप्त हुने वित्तीय तथा प्राविधिक सहायता प्रदेश र स्थानीय तहमा समेत उपलब्ध गराउन सक्नेछ।

(४) सचिवालयले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु लक्षित गरी कार्यक्रममा प्राप्त हुने बजेटको छुट्टै लेखा राखी सञ्चालन गर्न सक्नेछ ।

३१. वार्षिक आयोजना तथा कार्यक्रम स्वीकृती: मन्त्रालयले वार्षिक रुपमा प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम स्वीकृत गरी तदनुरुपको बजेट सशर्त अनुदानको रुपमा उपलब्ध गराउनेछ।

३२. लेखा व्यवस्थापन र लेखापरीक्षण: (१) कार्यक्रम सञ्चालन तथा बजेट खर्चको प्रचलित कानून बमोजिम लेखापालन गर्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकारीको हुनेछ।

(२) स्वीकृत आयोजना तथा कार्यक्रमको कार्यान्वयन, बजेट खर्च तथा सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा सम्बन्धित निकायले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

नेपाल सरकार
रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद - ८

## विविध

३३. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमको प्रभावकारिता र गुणस्तरका सम्वन्धमा देहाय वमोजिम अनुमगन समिति बनाई अनुगमन तथा मूल्याङ्कन गर्नेछः-

(क) आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुख - संयोजक

(ख) रोजगार कार्यक्रम व्यवस्थापन शाखा प्रमुख - सदस्य

(ग) रोजगार कार्यक्रम व्यवस्थापन शाखाको अधिकृत - सदस्य

(घ) सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको कर्मचारी - सदस्य

(२) उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहमा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा संयोजकले मन्त्रालयको अधिकृतस्तरको कर्मचारीलाई समेत खटाउन सक्नेछ। साथै अनुगमन तथा मूल्याङ्कनको लागि प्रदेश सरकारको सम्वन्धित मन्त्रालयको पदाधिकारी समेत समावेश गर्न सक्नेछ।

(३) प्रदेश क्षेत्रभित्र स्थानीय तहबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश स्थित श्रम तथा रोजगार हेर्ने मन्त्रालयबाट पनि हुनेछ। आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गरी प्राप्त निष्कर्ष, उपलब्धि, समस्या र सिफारिसहरू सहितको प्रतिवेदन संघीय मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) प्रदेश तहबाट स्थानीय तहमा सञ्चालित रोजगार प्रवर्द्धन सम्बन्धी आयोजना र क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गर्दा मन्त्रालयको प्रदेश मुकामस्थित श्रम तथा रोजगार कार्यालयको प्रतिनिधि समावेश गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुगमन र मूल्याङ्कन गर्दा प्रदेशभित्रका कुल स्थानीय तह मध्ये तीस प्रतिशत स्थानीय तहमा एक पटक स्थलगत रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ। अनुगमन तथा मूल्याङ्कनबाट तयार गरिएको बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

३४. <u>कार्यस्थल सुरक्षा र बीमाः</u> यस कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा संलग्न श्रमिक र रोजगार संयोजकलाई मन्त्रालयले रोजगारी अवधिको लागि विनियोजित बजेटको अधिनमा रही कार्यस्थल दुर्घटना बीमाको व्यवस्था गर्नेछ।

३५. <u>बाधा अड्काउ फुकाउने तथा व्याख्या सम्बन्धी व्यवस्था</u>: यो निर्देशिकाको कार्यान्वयनमा आईपर्ने बाधा अड्काउ फुकाउन मन्त्रालयले आवश्यक निर्णय र व्याख्या गर्न सक्नेछ।

३६. <u>फारम, निवेदन तथा कार्य ढाँचा सम्बन्धमा</u>: राष्ट्रिय रोजगार कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने फारम, निवेदन तथा कार्य ढाँचा दफा ७ बमोजिमको समितिबाट निर्धारण गरे बमोजिम हुनेछ।

३७. <u>खारेजी र बचाउ</u>: (१) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ खारेज गरिएको छ।

(२) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अन्तर्गत भए गरेका रोजगार व्यवस्थापन सूचना प्रणाली र यस कार्यक्रमका लागि हस्तान्तरण भएका विषयहरु यसै निर्देशिका अन्तर्गत भएको मानिनेछ।